सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री विनोद शर्मा
माननीय न्यायाधीश श्री शारङ्गा सुवेदी
आदेश
मुद्दाः- उत्प्रेषणसमेत।
०८१-WO-०१६९

विष्णु कुमार के.सी ...................................................................... निवेदक

विरुद्ध

मन्त्रिपरिषद् प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरवार कांठमाण्डौंसमेत.... प्रत्यर्थी

अन्तरिम आदेश सम्बन्धमा छलफलको लागि पेश हुन आएको प्रस्तुत निवेदनको मिसिल अध्ययन गरी निवेदक तर्फबाट उपस्थित हुनु भएका विद्वान् वरिष्ठ अधिवक्ता द्वय श्री हरि प्रसाद उप्रती तथा श्री मेघराज पोखरेल, विद्वान् अधिवक्ता डा. श्री दीनमणी पोखरेल, विद्वान् अधिवक्ता श्री इश्वर अधिकारी तथा नेपाल सरकारको तर्फबाट विद्वान् नायव महान्यायाधिवक्ता श्री खेमराज ज्ञवालीले गर्नुभएको बहस जिकिरसमेत सुनियो।

यसमा आफू मिति २०५२।७।२७ मा प्रहरी निरीक्षक पदमा नियुक्ति भएकोमा प्रहरी सहायक निरीक्षकमा शुरु नियुक्ति मिति २०५१।५।१६ कायम गरी सोही आधारमा मिति २०८१।५।१६ मा अनिवार्य अवकाश हुने भनी निवेदकलाई बुझाएको पत्र प्रस्तुत निवेदनमा अन्तिम टुङ्गो नलागेसम्म कार्यान्वयन नगर्नु नगराउनु, पूर्ववत रुपमा आफ्नो पदिय कामकाज गर्न दिनु, कुनै अवरोध नगर्नू नगराउनु भनी प्रत्यर्थीहरुका नाउँमा अन्तरिम आदेश जारी हुन निवेदकले माग गरेको देखिन्छ।

निवेदन मागबमोजिम अन्तरिम आदेश जारी हुनु पर्ने हो वा होइन ? भन्ने तर्फ हेर्दा निवेदकले मिति २०५१।५।१६ मा प्रहरी सहायक निरीक्षक पदमा स्थायी नियुक्ति पाई सेवा प्रवेश गरेको र उक्त सेवा नटुटी नटुटाई तत्कालीन श्री ५ को सरकार (मन्त्रीस्तर) को मिति

२०५२।७।२७ को निर्णय अनुसार प्रहरी प्रधान कार्यालय अन्तर्गत सृजना भएको विशेष पदको प्रहरी निरीक्षक पदमा मिति २०५२।७।२७ मा नियुक्ति भई तह तह बढुवा समेत भइ हालसम्म निरन्तर प्रहरी सेवामा रहेको भन्ने निवेदकले पेश गरेको निजको वैयक्तिक विवरणबाट देखिन आएको छ।

प्रहरी नियमावली, २०७१ को नियम १४०(१) अनुसार नोकरी अवधिको गणना गर्दा प्रहरी सेवाको कुनै पदमा स्थायी नियुक्ति भई नोकरी गरेको जम्मा अवधिलाई गणना गर्नुपर्ने कानूनी व्यवस्था समेतलाई दृष्टिगत गर्दा यी निवेदक प्रहरी सहायक निरीक्षक पदमा मिति २०५१।५।१६ मा स्थायी नियुक्ति पाएको आधारमा नोकरी अवधि गणना गरी अनिवार्य अवकाश हुने भनी प्रेषित पत्रमा कानूनी त्रुटी रहेको देखिन नआउँदा निवेदन मागबमोजिम अन्तरिम आदेश जारी गरी रहनु पर्ने अवस्था देखिन आएन। तसर्थ, यस अदालतको एकल इजलासबाट मिति २०८१।५।७ मा जारी भएको अल्पकालिन अन्तरिम आदेशलाई निरन्तर दिई रहनु परेन। कानून बमोजिम गर्नुहोला।

न्यायाधीश

न्यायाधीश

ईति सम्वत् २०८१ साल भदौ १४ गंते रोज ६ शुभम् -------------------------------।